नेपाल सरकार

उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय

जल तथा मौसम विज्ञान विभाग

बाढी पूर्वानुमान महाशाखा

# बाढी पूर्वानुमान बुलेटिन (Flood Forecast Bulletin)

**(जारी मिति: २०७८-०३-२४ गते बिहान ०७ बजे)**

## नदीहरुको हालको अवस्था (Present River Status)

आज बिहानको मापन अनुसार कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाब सामान्य रहेको, सुनकोशी, सप्तकोशी, कालीगण्डकी, सेती खोला, रिदी खोलामा वहाव बढ्दो क्रममा रहेको र सवैमा सतर्कता तह भन्दा तलै छ । नारायणी बढीगाड, रुद्रबेनी जलमापन केन्द्र र तमोर, मुलघाट जलमापन केन्द्रमा सतर्कता तह पार गरेको छ।

## बाढी पूर्वानुमान (Flood Forecast)

### पूर्वानुमान आज : असार-२४ (बिहिबार) (विहान ७ बजे देखि २४ घण्टा)

- आज कर्णाली, महाकाली र यसका सहायक नदीहरुमा बहाव केही बढ्ने, कोशीका सहायक नदीहरु सुनकोशी, भोटेकोशी, तामाकोशी, दुधकोशी, अरुण, तमोर तथा नारायणी र यसका सहायक नदीहरु विशेषगरी त्रिशुली, बुढीगण्डकी, कालीगण्डकी, मर्स्याङ्दी लगायतमा बहाब उल्लेख्य बढ्ने र केहीमा सतर्कता तह पार गर्न सक्ने पूर्वानुमान छ।
- आज पश्चिम राप्ती, बबई लगायतमा बहाब केही बढ्ने, कन्काई, कमला, बागमती,पुर्वी राप्ती, तिनाउ र यीनका सहायक नदीहरुमा बहाब उल्लेख्य बढ्ने र केही साना नदीमा आकस्मिक बहाब भई सतर्कता तह आसपास पुग्न सक्ने पूर्वानुमान छ ।
- आज प्रदेश १ को इलाम, झापा, मोरङ, सुनसरी, धनकुटा, खोटाङ, उदयपुर, भोजपुर, ओखलढुङ्गा, संखुवासभा, सोलुखम्बु, तेह्रथुम, पाँचथर, ताप्लेजुङ, प्रदेश २ को बारा, पर्सा, रौतहट, सर्लाही, धनुषा,सप्तरी, सिराहा, महोत्तरी, बागमती प्रदेशको मकवानपुर, चितवन, धादिङ, काठमाण्डौ, सिन्धुपाल्चोक, दोलखा, काभ्रेपलाञ्चोक, सिन्धुली, रामेछाप, रसुवा, गण्डकी प्रदेशको तनहुँ, लमजुङ,कास्की, पर्वत, बाग्लुङ, म्याग्दी, नवलपुर, गोरखा, मनाङ, मुस्ताङ, लुम्बिनी प्रदेशको नवलपरासी, पाल्पा, गुल्मी, अर्घाखाँची, प्युठान, रुकुम पूर्व, कपिलवस्तु,दाङ, रोल्पा, रुपन्देही, बाँके, बर्दिया, कर्णाली प्रदेशको रुकुम पश्चिम, जाजरकोट, कालिकोट, दैलेख, सुर्खेत, सल्यान, सुदूरपश्चिम प्रदेशको डोटी, दार्चुला,डडेल्धुरा,बझाङ,बाजुरा,अछाम,कञ्चनपुर, कैलाली र आसपास जिल्ला भई बहने स-साना नदीहरुमा बहाव बढ्ने र केहीमा आकस्मिक वहाव (Flash Flood) हुन सक्ने पुर्वानुमान छ।

### पूर्वानुमान भोलि: असार-२५ (शुक्रबार) (विहान ७ बजे देखि २४ घण्टा)

- भोलि महाकाली, कर्णाली, कोशी र यसका सहायक नदीमा बहाव केही बढ्ने, नारायणी र यसका सहायक नदीहरु विशेषगरी त्रिशुली, बुढीगण्डकी, मर्स्याङ्दी लगायतमा बहाब बढ्ने र केहीमा सतर्कता तह आसपास पुग्न सक्ने पूर्वानुमान छ।
- भोलि कन्काई, कमला, बागमती, पुर्वी राप्ती, तिनाउ पश्चिम राप्ती, बबई, लगायतमा बहाब केही बढ्ने र यीनका सहायक केही साना नदीहरुमा आकस्मिक बहाब भई सतर्कता तह आसपास पुग्न सक्ने पूर्वानुमान छ ।
- भोलि प्रदेश १, बागमती, लुम्बिनी, गण्डकी र सुदूरपश्चिम प्रदेशको मध्यपहाड, चुरे र तराईको भूभाग भई बहने स-साना नदीमा बहाव बढ्ने र केहीमा आकस्मिक वहाव हुन सक्ने पुर्वानुमान छ ।

### पूर्वानुमान पर्सी : असार- २६ (शनिबार) (विहान ७ बजे देखि २४ घण्टा)

- पर्सी महाकाली, कर्णाली, नारायणी, कोशी र यसका सहायक नदीहरुमा बहाव सामान्य घटबढ हुने र सवैमा सतर्कता तह भन्दा तलै रहने पूर्वानुमान छ।
- पर्सी पश्चिम राप्ती, बबई लगायतमा बहाब समान्य घटबढ हुने, कन्काई, कमला, बागमती, पूर्वी राप्ती, तिनाउ लगायतमा बहाब केही बढ्न सक्ने र सवैमा सतर्कता तह भन्दा तलै रहने पूर्वानुमान छ ।
- पर्सी प्रदेश १, बागमती, गण्डकी, लुम्बिनी र कर्णाली प्रदेशको मध्यपहाडी, चुरे र तराईको भूभाग भई बहने स-साना नदीमा बहाव बढ्ने र केही साना नदीमा आकस्मिक वहाव भई सतर्कता आसपास पुग्न सक्ने पुर्वानुमान छ ।

## सरोकारवालाका लागि परामर्श (Advisory):

- आज कोशीका सहायक नदीहरु सुनकोशी, भोटेकोशी, तामाकोशी, दुधकोशी, अरुण, तमोर तथा नारायणी र यसका सहायक नदीहरु विशेषगरी त्रिशुली, बुढीगण्डकी, कालीगण्डकी, मर्स्याङ्दी लगायतमा बहाब उल्लेख्य बढ्ने र केहीमा सतर्कता तह पार गर्न सक्ने, कन्काई, कमला, बागमती, पुर्वी राप्ती, तिनाउ लगायतमा बहाब उल्लेख्य बढ्ने र यीनका केही स-सना सहायक नदीहरुमा आकस्मिक वहाव (Flash Flood) भई सतर्कता तह आसपास पुग्न सक्ने पुर्वानुमान रहेकाले तटीय क्षेत्र र डुबान भइरहने क्षेत्रहरूका क्रियाकलापमा उच्च सतर्कता अपनाऔं।

(*बाढी पूर्वानुमान वुलेटिन यस विभागको वेवसाइट मा समेत हेर्न सकिने छ)* विभागको फेसबुकपेज *Nepal Flood Alert* (नेपाल बाढी सुचना) हेरौं । विभागको ट्विटर पेजः *Nepal Flood Alert* (नेपाल बाढी सूचना) हेरौं ।)

नोट: पहेलो रङले मध्यम जोखिम रहेको संकेत गर्छ । रातो रङले उच्च जोखिमको संकेत गर्छ ।

# *Forecast References:*

1) *Real Time Ground Observation System for Rainfall (around 120 stations) and Water levels(Around 85 Stations) under Flood Forecasting Section, DHM*
   http://hydrology.gov.np/#/river_watch?_k=6oxgcv
   http://hydrology.gov.np/#/rainfall_watch?_k=407hry
2) *MFD Rainfall Forecast (http://mfd.gov.np/content/?id=3186)*
3) *RIMES Rainfall Forecast*
4) *NCMWRF Rainfall Product*
   *24 Hour Rainfall Forecast Today (9am to 9 am)*
   *24 Hour Rainfall Forecast Tomorrow (9am to 9 am)*
5) *Flood Forecast-Karnali, Babai and Narayani Basin (HEC-HMS Model)*
6) *Flood Forecast –Bagmati, Koshi and West Rapti (MIKE-11, NAM)*
7) *Probabilistic Forecast for short lead time in major river system(Based on real time observation)*
8) *GLOFAS forecast*
9) *Tethys Forecasting Platform( Stream Flow Prediction Tool and HIWAT tool for Nepal ( 7 days forecast for small rivers)*
10) *Regional Floodoutlook –Ganges-Brahmaputra Basin*
11) *SouthAsia Flash Flood Guidance System (Nepal)*
12) *Other Global Flood Forecasts*
13) *Satellite Cloud Picture*
14) *Etc…*

## थप जानकारीको लागि

- जल तथा मौसम विज्ञान विभागले हरेक दिन विहान ७ बजे तीन दिन पछि सम्मको बाढीको पूर्वानुमान गरी बाढी बुलेटिन जारी गर्दै आएको छ। उक्त बुलेटिन हेर्नको लागि विभागको वेवसाइट: लग अन गरी हेर्नसक्कुहुनेछ।
- तपाईलाई देशको कुन ठाउंमा कती वर्षा भैरहेको छ? तत्काल खतरा भन्दा माथिल्लो वर्षा भईरहेको छ वा छैन भन्ने जान्नका लागि विभागको वेवसाइट www.hydrology.gov.np मा गई Rainfall Watch बटन थिच्नुहोला।
- त्यस्तै, कुन नदीमा कती मिटर बाढी छ? बढ्दो छ कि घट्दो होला? खतरा होलाकी नहोला भन्ने जान्न चाहीं सोही वेवसाइटमै गई River Watch बटन थिच्नुहोस।
- जारी भएको बाढी बुलेटिन वा बाढी संग संबन्धीत हरेक पूर्वसूचना यस विभागको आधिकारिक ट्विटर : Nepal Flood Alert (नेपाल बाढी सूचना) र फेसबुक: Nepal Flood Alert (नेपाल बाढी सूचना) मा पनि हेर्नसक्कुहुनेछ।
- बाढी सतर्कता तह नजिक पुग्न लागेमा, सतर्कता तह पार गरेमा, खतरा तह पार गरेमा वा अन्य विषम अवस्थामा देशका मुख्य नदी जलाधारहरुमा नेपाल टेलिकम र एनसेल मार्फत बाढी बाट प्रभावित हुने सर्वसाधारणहरुलाई मोवाइलमा एस एम एस पठाइने छ।
- देशैभरका सर्वसाधारणको लागि ११५५ नंवरको टोल-फ्रि सेवा बाढी पूर्वसूचना प्रदान गर्ने उद्देश्यले मनसुनभर सञ्चालन गरिएको छ। जोकोहीले ११५५ डायल गरेर बाढी संबन्धि पूर्वसूचना लिन सक्कुहुनेछ।